श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नंः-२

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

माननीय न्यायाधीश श्री रमेशराज पोखरेल

फैसला

मुद्दा नं.-०७९-WO-०९८९

निर्णय नंः १६३

ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं. ३ पुल्चोक स्थित इन्टरनेट सेवा प्रदायक संघ नेपाल.....१

ललितपुर जिल्ला ललितपुर म.न.पा. जावलाखेलमा रजिष्टर्ड कार्यालय रहेको वल्डलिंक कम्युनिकेशन लि.....१ **निवेदक**

ललितपुर जिल्ला ललितपुर म.न.पा. बालुवाटारमा रजिष्टर्ड कार्यालय रहेको सुबिसु केवलनेट लि.....१

ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १० नयाँ बानेश्वरमा रजिष्टर्ड कार्यालय रहेको क्लासिक टेक प्रा.लि.....१

ललितपुर जिल्ला ललितपुर म.न.पा. जावलाखेलमा रजिष्टर्ड कार्यालय रहेको भायानेट कम्युनिकेशन प्रा.लि.....१

विरुद्व

उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय, सिंहदरवार, काठमाडौं.....१

नेपाल विद्युत प्राधिकरण दरवारमार्ग, काठमाडौं.....१

नेपाल दुरसंचार प्राधिकरण जमल, काठमाडौं..... १ **विपक्षी**

संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं.....१

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं.....१

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार, काठमाडौं.....१

<u>मुद्दाः निषेधाज्ञा।</u>

मुलुकी देवानी संहिता, २०७४ को दफा २६(३) तथा न्याय प्रशासन ऐन २०७३ को दफा ८ (२)(क) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर यस प्रकार छः-

तथ्य खण्ड

१. हामी निवेदकले आफ्नो व्यापार व्यवसाय अभिवृद्धिको लागि कम्पनीको स्वीकृत उद्देश्य अनुरुप दुर संचार प्राधिकरणबाट रितपूर्वक अनुमति लिई देशका विभिन्न भागमा इन्टरनेट सेवा प्रदान गरी आएका निजि कम्पनीहरु हौ। विपक्षी विद्युत प्राधिकरणको एकतर्फी रुपमा बदनियत राखी इन्टरनेट सेवा जस्ता अति आवश्यक सेवालाई नै विस्तापित गर्ने उद्देश्यले मिति २०७९।८।२८ मा मिति २०७९ पुस ७ गते भित्र सम्झौता नगर्ने, सम्झौता नविकरण नगर्ने र बाँकी बक्यौता भाडा रकम भुक्तानी नगर्ने सेवा प्रदायक संस्थाहरुको केवल अप्टिकल फाइवर हटाउने लगायत निजहरुलाई नै वि.प्रा. को प्रचलित नियमानुसार कारवाही गरीने व्यहोरा जानकारी गराउछौ भनि हाम्रो दुर संचार प्रणालीमा प्रतिकुल असर पर्ने कार्यको सार्वजनिक सुचना जारी गरेको छ।जसले गर्दा इन्टरनेट सेवाको पूर्वाधारमा लगाएको एकतर्फी महङ्गो भाडा दर कायम गरी इन्टरनेट सेवाको पुर्वाधार भत्काउने हटाउने कार्यले देशका सम्पूर्ण सेवा बन्द भई राज्यले राजस्व लगायत आर्थिक क्षेत्रमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउन सक्छ।राज्यले यस्तो अति आवश्यक सेवा सुविधा सर्व साधारणलाई सहज रुपमा उपलब्ध गराउन हामीलाई निश्चित भाडा तिरी उक्त फाइवर, टावर, खम्बा लट्ठा प्रयोग गर्ने अनुमती दिएको थियो।तर हामी निवेदक र उक्त शुल्क रकम निर्धारण गर्ने बैधानिक अधिकार राख्ने विपक्षी नेपाल दुर संचार प्राधिकरण सँग कुनै सम्पर्क र समन्वय समेत नगरी विपक्षी विद्युत प्राधिकरणले २०७५ असारमा एकतर्फी ढंगले १४०० प्रतिशत सम्म पोलको भाडा वृद्धि गरेको सूचना जारी गरेको थियो।उक्त भाडा अनुचित अन्यायपूर्ण भएकोले हामी इन्टरनेट सेवा प्रदायकहरुले विरोध गरे पश्चात उक्त वृद्धि सम्बन्धी विवाद बढ्दै गएपछि २०७६ साल मंसिरमा विपक्षी संचार तथा सूचना प्रविधि मन्त्रालय र उर्जा मन्त्रालयले उच्च स्तरीय समिति गठन गरी सो समितिलाई विद्युत पोलमा तार तानी इन्टरनेट सेवा दिने सेवा प्रदायकहरुसँग लिने न्यायचित नयाँ भाडादर निर्धारण गर्न जिम्मा दिएको थियो।उक्त समितिमा कुनै इन्टरनेट सेवा प्रदायक तथा उपभोक्ता पक्षको कुनै सहभागिता गराइएन जसले गर्दा सिफारिस गरिएको भाडा दर समेत उपभोक्ताको न्यायोचित हितमा भएन। उक्त समितिको सिफारिस पछि विपक्षी विद्युत प्राधिकरणले २०७५ असारमा बढाएको भाडा दर २०७७ भाद्र महिनामा केही घटायो।यसरी नयाँ भाडादर कायम गर्दा महानगरपालिका, उप म.न.पा. मा प्रतिकिलोमिटर ७ हजार रुपैया तोकियो।२०७५ साल असार महिनाको तुलनामा २०७७ भदौमा कायम गरीएको पोलको भाडादर मन.पा. र न.पा. को हकमा झण्डै ४०० प्रतिशत वृद्धि गरिएको छ भने गा.पा. को हकमा ७००% वृद्धि गरीएको छ।यसरी ४०० प्रतिशत देखि ७०० प्रतिशत सम्म भाडादर बढ्दा इन्टरनेटप्याकेज सहरी क्षेत्रमा मासिक रु.१५० र ग्रामिण क्षेत्रमा मासिक ३०० रुपैया वृद्धि गर्नुपर्ने वाध्यता हामी निवेदकहरुलाई रहेको छ।विपक्षी विद्युत प्राधिकरणले आफ्नो मनखुशी एकतर्फी रुपमा भाडा वृद्धि

गरी इन्टरनेट सेवा प्रदायकलाई वृद्धि भएको भाडा दरमा संझौता नविकरण गर्न वा नयाँ संझौता गर्न पौष २८ गते सम्मको सुचना जारी गरीएको थियो।विपक्षीले सुचना जारी गरी सकेपछि इन्टरनेट सेवालाई चाहिने विद्युत सप्लाई रोकेको अवस्था पनि भएकोले इन्टरनेट सेवा प्रदायक मध्येको इन्टरनेट सर्भिस प्रोपाइडर एसोसियसनले मिति २०७९।९।२८ मा नियामक निकाय नेपाल दुर संचार प्राधिकरणबाट भाडा निर्कौल गरी न्यायोचित व्यवस्थाका लागि निवेदन दिएको र मिति २०७९।९।१९ मा विपक्षी विद्युत प्राधिकरणसमक्ष अनाधिकृत रुपमा विद्युत विच्छेद गरी आवश्यक सेवा अवरुद्ध गर्ने कार्य रोकी पाउँ भनि निवेदन गरेकोमा विपक्षी नेपाल विद्युत प्राधिरणले सो निवेदन उपर कुनै कारवाही नगरी कुनै निर्णयसम्म गरेको छैन।विपक्षी नेपाल विद्युत प्राधिकरणले आफ्नो एकतर्फी ढंगले वृद्धि गरेको भाडादरलाई आधार मानी हामी निवेदकहरुलाई अपुरणिय क्षती हुने गरी मिति २०७९।८।६ मा प्रकाशित सूचनामा प्रत्यक्ष नै इन्टरनेट जस्तो अति आवश्यक कुरा अवरुद्ध गर्ने व्यहोरा उल्लेख गर्नू भएको छ।यसरी हामी सेवा प्रदायकसँग छलफल नगरी मनोमानी ढंगले भाडा वृद्धि गर्ने सुचना औचित्यहिन एवं गैरकानुनी छ।आफ्नो गैरकानुनी सुचनालाई अन्तिम हो भन्ने ठानी उक्त सुचनामा उल्लेखित व्यहोरा कार्यन्वयन गर्न विपक्षीले पटक पटक कर्मचारी पठाई विभिन्न ठाउमा तार काट्ने, तार काट्न धम्कि दिने गर्दै आउनु भएको छ।यसरी मुलुकी देवानी संहिता २०७४ को उफा १७, २० द्वारा प्रदत्त हामी निवेदकको हक अधिकारमा विपक्षीले आघात पार्ने प्रवल सम्भावना भएकोले सोही संहिताको दफा २६ (५) बमोजिम विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको इन्टरनेट सेवा प्रदायक संघ नेपालसमेतको निवेदन पत्र ।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, ४, ५ र ६ को हकमा उच्च सरकारी वकील कार्यालय पाटन मार्फत र विपक्षी नं. २ र ३ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु।

यसमा निवेदकले अन्तरिम आदेश समेत माग गरेको देखिंदा अन्तरिम आदेश छलफलको लागि मिति २०७९/११/१६ गतेको पेशी तोक्नू।साथै सो अवधि सम्म विपक्षी नेपाल विद्युत प्राधिकरणद्वारा प्रकाशित मिति २०७९/०८/०६ को सूचना बमोजिम निवेदकहरुबाट दिइदै आएको इन्टरनेट सेवाको तार काट्ने वा इन्टरनेट सेवा अवरुद्ध गर्ने जस्ता कार्य तत्काल नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालिन

अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिनू भनी यस अदालतबाट मिति २०७९/११/०३ मा भएको आदेश।

३. निवेदक तथा प्रत्यर्थी नेपाल विद्युत प्राधिकरणवीच विद्युत पोल प्रयोग भए वापत भाडा दर सम्वन्धि विषयमा विवाद रहेको देखिएको र सोही सन्दर्भमा इन्टरनेट लाइन काट्ने, इन्टरनेट सेवा अवरुद्ध गर्न लागेको आशंका उत्पन्न भएको भनि निषेधाज्ञाको आदेश जारी हुन माग भएको देखियो। विद्युत पोल प्रयोग भए वापतको भाडा असुल गर्ने सम्वन्धमा कानून बमोजिमको आवश्यक प्रक्रिया अवलम्वन गर्न सकिने अवस्था विद्यमान नै रहेको देखिँदा इन्टरनेट सेवाको प्रकृति, सार्वजनिक संवेदनशीलतालाई विचार गर्दा इन्टरनेट सुविधा अवरुद्ध नभई निरन्तर सेवा प्रवाह गर्नु पर्ने प्रकृतिको विषय रहेको देखिएकोले प्रस्तुत निवेदनमा अन्तिम सुनुवाई हुँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत निवेदनको टुंगो नलागे सम्मको लागि सार्वजनिक सेवा तथा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदन माग बमोजिम इन्टरनेटको तार काट्ने, त्यस आधारमा इन्टरनेट सेवा सुविधा अवरुद्ध गर्ने कार्य नगर्नु नगराउनु भनी नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयका नाउँमा अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान रहेको देखियो। अतः नेपालविद्युत प्राधिकरणबाट मिति २०७९/०८/०६ को सार्वजनिक सूचना अनुसार इन्टरनेट सेवा प्रवाह गर्ने तार काट्ने, त्यस आधारमा इन्टरनेट सेवा सुविधामा अवरुद्ध गर्ने गराउने कार्य नगर्नु नगराउनु भन्ने सम्मको मिति २०७९/११/०३ मा यस अदालतबाट जारी गरिएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ। आदेशको जानकारी नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई दिनु। प्रस्तुत निवेदनको विषयवस्तुको गंभिरतालाई विचार गर्दा चाडो टुंगो लगाउनु पर्ने प्रकृतिको विषय हुँदा अग्राधिकार प्रदान गरिदिएको छ। प्रत्यर्थी मध्येको विज्ञान तथा प्रविधि मंत्रालयको नाउँको म्याद मन्त्रालयको नाम फरक परेको भनी तामेल हुन नसकी फिर्ता आएको देखिंदा उक्त प्रत्यर्थी मन्त्रालयको हाल कायम रहेको नाम निवेदकबाट आजै खुलाउन लगाई तत्कालै म्याद जारी गरी ३ दिन भित्र तामेल गर्न लगाई म्याद भित्र लिखित जवाफ पेश भए वा म्याद नाघे पछि अग्राधिकारको रुपमा नियमानुसार गरी पेश गर्नु भनी यस अदालतबाट मिति २०७९/११/१६ मा भएको आदेश।

४. विद्युत प्राधिकरणले विपक्षीहरूलाई व्यापार गर्न आफ्नो संरचना प्रयोग गर्न दिएको छ। अन्य निकायको स्वामित्वमा रहेको संरचना प्रयोग गरेपश्चात त्यस बाट तिर्नु बुझाउनु पर्ने भाडा तिर्नु त्यस्तो सेवा प्रदायक कम्पनीहरूको कानूनी तथा करारीय दायित्व रहन्छ। करारको दायित्वबाट कुनै पनि पक्ष भाग्न वा उम्किन पाउदैन। विना भाडा अन्यको सम्पत्ति सित्तैमा प्रयोग गर्न गराउन नपाउने स्पष्ट नै छ। विपक्षीहरूले स्वच्छ र सफा हात नलिई अदालत प्रवेश गरेको अवस्थामा अदालतले सहयोग गर्न सक्दैन भनी ने.का.प २०५०, नि.नं. ४७४६, पृ.२८१ मा सिद्धान्त प्रतिपादन भएको

छ। अदालतले सधै पक्षको इमान्दारिताको अपेक्षा गरेको हुन्छ र अदालत प्रवेश गर्ने जो कसैले पनि तथ्य र कानूनलाई नलुकाई नझुक्याई प्रवेश गर्नु पर्दछ। अतः नेपाल विद्युत प्राधिकरणले कानून बमोजिम जारी गरेको एडियसएल अप्टिकल फाईवर केवल सेवा संचालन निर्देशिका, २०७३ बमोजिम गरेका काम, कार्य तथा निर्णयको विषयले विपक्षी निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा हनन पुऱ्याएको भनी झुठ्ठा दावी लिई दायर रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

५. विपक्षीहरुले विद्युत प्राधिकरणको संरचना प्रयोग गरी आफनो सेवा विस्तार तथा प्रवाह गर्ने हो भने तोकिएको भाडा तिर्नुपर्नेमा कुनै विवाद रहन सक्दैन। प्राधिकरणले नियमनकारी निकायको हैसियतमा कामकारोबार गरेको नभई आफनो संरचनाको प्रयोग वापतको लाग्ने भाडा तिर्न र सम्झौता गर्न आउन सार्वजनिक सुचना तथा पत्राचार गरेको हो। प्राधिकरणले विपक्षीहरुलाई दुःख दिने तथा अनुचित फाईदाको लागि भाडा माग गरेको नभई आफनो संरचनाको प्रयोग वापतको तोकिएको भाडा र सम्झौता गर्न आह्वान गरेको कार्यले विपक्षीहरुको कुन कानुनको कुन अधिकारको हनन भयो सो खुलाउन नसकी हचुवाको भरमा दायर गरेको निवेदन खारेज गरीपाउँ भन्ने व्यहोराको नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय दरवारमार्ग, काठमाडौंको लिखित जवाफ।

६. रिट निवेदक आफैले रिट निवेदनमा दुरसंचार प्राधिकरणले दुरसंचार प्रयोजनको निम्ति प्रयोग हुने कुनै पनि पोल, टावर, फाइवर जस्ता पूर्वाधार निर्माण तथा शुल्क निर्धारण प्राधिकरणको क्षेत्राधिकार भित्र पर्ने भएकोले सो विषयमा पूर्वाधारको भाडा निर्धारण गर्नका लागि छलफलको निम्ति उपस्थित हुन विद्युत प्राधिकरणलाई बारम्बार पत्र लेखि अनुरोध गरेको र दूरसञ्चार ऐन, २०५३ को दफा २१ अनुसार अनुमतिपत्र नलिई दूरसञ्चार (पूर्वाधार) सेवा संचालन गर्न नपाइने साथै सोहि ऐनको दफा ४२ अनुसार प्राधिकरणबाट सेवा शुल्क स्वीकृत गराई मात्र पोल लगायतका पूर्वाधारको शुल्क असुल गर्न विद्युत प्राधिकरणलाई मिति २०७८/०४/२४ गतेको पत्र मार्फत जानकारी गराएको र तत्पश्चात भाडा वृद्धिको विषयमा छलफलको लागि उपस्थित हुन विद्युत प्राधिकरणलाई जानकारी गराएको थियो भनि उल्लेख गरेवाट पनि यस दूरसञ्चार प्राधिकरणले नियमन सम्बन्धी कुनै कार्य नगरेको भन्ने निवेदन दावी आफैमा खण्डित छ। दूरसञ्चार क्षेत्रको नियमन कार्यमा दूरसञ्चार प्राधिकरणबाट विभिन्न प्रयासहरु भइरहेको साथै प्राधिकरणको कुनै काम कारवाहीले निवेदकलाई कुनै कार्य गर्न बाधा परेको अवस्था छैन। तसर्थ रिट निवेदनको माग बमोजिम यस प्राधिकरणको कामकारवाही उपर उत्प्रेषण तथा परमादेश जारी हुनसक्ने कानूनी एवं तथ्यगत अवस्था विद्यमान छैन। त्यसैले यस दूरसञ्चार प्राधिकरणको हकमा रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने व्यहोराको नेपाल दुरसंचार प्राधिकरण, जमल, काठमाडौंको लिखित जवाफ।

७. सरकारी संरचनाको प्रयोग गर्ने र भाडा नतिर्ने भन्ने विषय आफैले गरेको सम्झौता वा प्रचलित कानून विपरीत हो। इन्टरनेट सेवा प्रदायकले आफ्ना ग्राहकले समयमा सेवा शुल्क नबुझाउँदा लाइन काट्ने गरेकोमा त्यसरी लाइन काट्दा अत्यावश्यक सेवाको प्रयोग नहुने नहुने तर प्राधिकरणले आफूलाई तिर्ने बुझाउने रकम नबुझाउँदा सूचना दिई सेवा कटौति गर्न सूचित गर्ने कुरा कानून विपरीत हो भन्न मिल्दैन। निर्धारित भाडा सम्बन्धित इन्टरनेट सेवा प्रदायकले समयमै तिर्नु बुझाउनु निजको दायित्व हो। समयमा नतिर्दा राज्यलाई ठूलो नोक्सानी समेत हुने भएकोले निवेदकले भाडा नतिर्ने सम्मको कार्यलाई संरक्षण गर्नु कर राजश्व प्रणालीमै नकारात्मक असर पुऱ्याउनु हो, जसले शुल्क वृद्धि हुँदैमा तिर्नु पर्दैन भन्ने सन्देशसमेत जाने हुन्छ। साथै, निवेदकले निवेदनको प्रकरण नं. ५ र १० मा भाडादर वृद्धिको विषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको उल्लेख गरेकोले प्रस्तुत विषयमा अन्यथा उल्लेख गर्नुपर्ने देखिँदैन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

८. नेपाल विद्युत प्राधिकरणले दुरसञ्चार सेवा जस्तो अत्यावश्यक सेवा प्रदान गर्ने सेवा प्रदायक र तिनका नियामक निकायबीच आपसी समन्वय गरी पूर्वाधार व्यवस्थापन गरेमा समेत यस्तो समस्या आउने अवस्था रहदैन। रिट निवेदनमा उल्लेखित विषय सरोकारवाला निकाय नेपाल विद्युत प्राधिकरण र दुरसंचार प्राधिकरण एवं दुरसंचार सेवा प्रदायक बीचको आपसी समझदारीबाट नै समाधान हुनसक्नेमा सो बमोजिमको वैकल्पिक व्यवस्थाको मार्ग अवलम्वन नगरी अदालतको असाधारण क्षेत्र अन्तर्गत रिट क्षेत्रबाट प्रवेश गरेको देखिन्छ। रिट निवेदकले यस मन्त्रालयको के कस्तो काम कारवाही र निर्णयबाट निजको के कस्तो संविधान तथा कानूनी हक अधिकार हनन भएको हो? मन्त्रालयलाई किन विपक्षी बनाउनु परेको हो निवेदनमा कही कतै उल्लेखसम्म गर्न नसकेको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन दिएको देखिंदा सो रिट निवेदनको माग दावी पुग्न सक्ने नदेखिंदा यस मन्त्रालयका हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

९. रिट निवेदकहरुले पुरा गर्नु पर्ने करारीय दायित्व पुरा नगरेको बहानामा सर्वसाधारणले पाउने सेवा सुविधा नपाएको तथा निजहरुको कारण अध्ययन सहितका शैक्षिक गतिविधिमा असर पार्ने कार्य गरेको अवस्थामा त्यस्तो कार्य उपर प्रस्तुत ऐन तथा प्रचलित कानून बमोजिम निजहरु कारवाहीको भागिदार हुनु पर्ने नै हुन्छ। आफुले बुझाउनु पर्ने भाडा नबुझाएको अवस्थामा करारको अर्को पक्षले कुनै कार्य गर्न पाउँदैन भन्न मिल्दैन। तसर्थ करारीय दायित्व पुरा नगरी पाउँ भनी दायर निवेदन नै अनुचित छ। दुरसञ्चारका विषयमा नेपाल दुरसञ्चार प्राधिकरणबाट र करारका विषयमा करारमा निर्धारण भए बमोजिमको व्यवस्थाबाट उपचार पाउने व्यवस्था हुँदा हुँदै उक्त व्यवस्थालाई अनदेखा

गरी रिट क्षेत्राधिकारमा प्रवेश गरी दायर गरेको निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

१०. यसमा नेपाल विद्युत प्राधिकरणको विद्युतीय संरचनाहरु प्रयोग गरी तथा अप्टिकल फाइवर संरचनाहरु प्रयोग गरी तथा अप्टिकल फाइवर भाडामा लिई टेलिफोन/इन्टरनेट/केवल टि.भी. सेवा संचालन गर्ने सेवा प्रदायक संस्थाहरुलाई सम्झौता गर्ने, सम्झौता नविकरण गर्ने एवं बाँकी बक्यौता भाडा रकम भुक्तानी गर्ने सम्वन्धमा नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट मिति २०७९/०८/०६ र २०७९/०८/२८ मा प्रकाशित सूचना र तत्सम्बन्धी निर्णय सहितको फाइल एवं उल्लिखित विषयमा सो पूर्व भएका निर्णय, सूचना एवं प्रतिवेदन सहितको सक्कल फाइल नेपाल विद्युत प्राधिकरणबाट झिकाई नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०८०/०१/२७ मा भएको आदेश।

<u>ठहर खण्ड</u>

११. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सुचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

१२. निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री अशाङकन बहादुर मल्ल, श्री प्रितम घिमिरे, श्री अंजन धिताल र श्री रविन रिजालले विपक्षी नेपाल विद्युत प्राधिकरणले एकतर्फी रुपमा १४०० प्रतिशतसम्म विद्युतीय संरचना (पोल) को भाँडा वृद्धि गरेकोमा उत्पन्न समस्या समाधान गर्ने प्रयास भई रहेकोमा मिति २०७९/०८/०६ मा सूचना प्रकाशित गरी मिति २०७९ पुस ७ गते भित्र सम्झौता नगर्ने वा नविकरण नगर्ने र वाँकी वक्यौता भाडा भुक्तानी नगर्ने सेवा प्रदायक सँरचनाको केवल/अप्टिकल फाइवर हटाउने तथा नेपाल विद्युत प्राधिकरणको विनियमानुसार कारवाही गरिने भनी उल्लेख गरिएबाट इन्टरनेट जस्तो अत्यावश्यक दुरसंचार सेवा बन्द भई नागरिक अधिकारमा आघात पुग्न सक्ने भएकाले सेवा प्रदायक कम्पनीहरुको नेपाल विद्युत प्राधिकरणको विद्युतीय संरचनाहरुमा जडान गरिएका अप्टिकल फाइवर तथा अन्य उपकरणहरु हटाउने, इन्टरनेटको तार काट्ने तथा इन्टरनेटको सेवा अवरुद्ध गर्ने कार्य नगर्नु नगराउनु भनी मुलुकी देवानी संहिता, २०७४ को दफा २६(५) बमोजिम निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी नेपाल विद्यत प्राधिकरणको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राजन अधिकारी, श्री नरेश मैनाली, श्री प्रतिक्षा बुढाथोकी र श्री करुणा सिलवालले नेपाल विद्युत प्राधिकरणको एडिएसएल अप्टिकल फाइवर केवुल सेवा संचालन निर्देशिका, २०७३ बमोजिम इन्टरनेट सेवा प्रदायक कम्पनीहरुबाट विद्युत पोल प्रयोग गरे वापतको भाडा लिन पाउने अधिकार रहेको छ। विद्युतीय पोलहरुमा नेपाल विद्युत प्राधिकरणको स्वामित्व तथा अधिकार रहेको र इन्टरनेट सेवा प्रदायक

कम्पनीहरुले उक्त संरचना करार गरी प्रयोग गरेकोमा यस विषय विशुद्ध करारीय प्रकृतिको हो। करारीय दायित्वका सम्बन्ध रिट अधिकार क्षेत्रबाट प्रवेश गर्न पाइदैन। यिनै निवेदकले नेपाल विद्युत प्राधिकरणसमेत विरुद्ध सम्मानित सर्वोच्च अदालतमा निवेदन दायर गरेकोमा माथिल्लो तहको अदालतलाई मुद्दाको कारवाही सुनुवाई र किनारा गर्ने अधिकार रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१४. उपर्युक्त बमोजिमको निवेदन मागदावी एवं लिखित जवाफ व्यहोरा रहेको प्रस्तुत मुद्दामा दुवै पक्षबाट प्रस्तुत बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा, यसमा मुलतः निवेदन मागदावी बमोजिमको निषेधाज्ञा जारी हुनु पर्ने हो वा होइन भन्ने प्रश्नमा नै निर्णय गर्नु पर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, निवेदक इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले दुरसंचार ऐन, २०५३ को दफा २१ अनुसार अनुमति पत्र प्राप्त गरी नेपालको विभिन्न भागहरुमा इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको देखियो। सो प्रयोजनको लागि निवेदकहरुले विभिन्न मितिमा नेपाल विद्युत प्राधिकरणको संरचना प्रयोग गरेवापत निश्चित भाडा/सेवा शुल्क तिर्ने सम्झौता गरी उक्त संरचना प्रयोग गर्दै आएको देखिन्छ। निवेदकहरुले नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको पोल लगायतको संरचना प्रयोग गरे वापत विपक्षी नेपाल विद्युत प्राधिकरणलाई तिनुपर्ने भाडा रकम २०७५ साल असारमा १४०० प्रतिशत सम्म वृद्धि गरेको कारण भाडा अनुचित र अन्यायपूर्ण भएको भनी निवेदकहरुले विरोध गरे पश्चात उक्त भाडा वृद्धि सम्बन्धी विवाद समस्याको रुपमा खडा भएको देखियो। २०७६ साल मंसिरमा विपक्षी संचार तथा सूचना प्रविधि मन्त्रालय र उर्जा जलस्रोत तथा सिचाई मन्त्रालयले उच्च स्तरीय समिति गठन गरी सो समितिलाई विद्युत पोलमा तार तानी इन्टरनेट सेवा दिने सेवा प्रदायकहरुसँग लिने न्यायोचित नयाँ भाडादर निर्धारण गर्न कार्यादेश दिएकोमा समितिको सिफारिस पछि विपक्षी नेपाल विद्युत प्राधिकरणले २०७५ असारमा बढाएको भाडा दर २०७७ भाद्र महिनामा केही घटाएको तथ्य समेत निवेदनपत्रमा उल्लेख गरेको देखिन्छ। उक्त तथ्यलाई विपक्षीहरुले अन्यथा भनी लिखित जवाफमा खण्डन गरेको देखिदैन।

१६. इन्टरनेटको सहज तथा सर्वसुलभ पहुँच डिजिटल नेपालको लक्ष्य साकार गर्न अपरिहार्य पूर्वाधार रहेको कुरामा दुईमत हुन सक्दैन। देश विकासमा इन्टरनेट सेवाको आवश्यकता र महत्वलाई कसैले अवमुल्यन गर्न सक्ने अवस्था छैन। सुचना सञ्चार, शैक्षिक र आर्थिक गतिविधिमात्र नभएर सरकारी तथा निजी क्षेत्रमा समेत पत्राचार तथा सूचना आदानप्रदानमा समेत इन्टरनेट प्रणालीको माध्यमले व्यापकता पाएको छ। इन्टरनेट सेवाबाटै राज्यका अति आवश्यक सेवाहरु तथा संवेदनशील क्षेत्रहरु चलायमान भई रहेको अवस्था छ। यसको आवश्यकता र महत्वको कारणबाट नै इन्टरनेट सेवा एक अति आवश्यक सेवाको रुपमा स्थापित भई सकेको देखिन्छ। यसले नागरिकको Right to information, freedom of expression लगायतका हक तथा अधिकार सुनिश्चित

गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। जनताको आधारभुत मानव अधिकारको रुपमा रहेको अत्यावश्यक इन्टरनेट सेवा सर्वसाधारण जनतामा सहज, सर्वसुलभ तवरले पहुँचयोग्य बनाउनु राज्यको आधारभुत दायित्व हो। सबै नागरिकलाई इन्टरनेट सेवाको वितरण गर्ने कार्य राज्यस्तरबाट मात्र सम्भव हुदैन ।यो सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन राज्यले निवेदकहरु जस्तो निजी क्षेत्रलाई समेत उत्प्रेरित गरी हातेमालो गर्दै अघि बढ्न जरुरी छ। यसमा राज्य संवाहक सहजकर्ता र नियमनकर्ताको प्रभावकारी भूमिकामा रहनु नै समयानुकुल हुन्छ। नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व र नियन्त्रण रहेका नेपाल विद्युत प्राधिकरण र दुरसंचार प्राधिकारण जस्ता स्वायत्त सार्वजनिक निकायहरुले जिम्मेवार र संवेदनशील भई राज्यलाई यसमा सहयोग गर्नु अपरीहार्य छ।

१७. निवेदक कम्पनीहरुले सञ्चालन गरी आएको इन्टरनेट सेवाको लागि सबैको आफ्नै स्वामित्वमा पोल लगायतका सम्पूर्ण पूर्वाधारबाट सुसज्जित हुने कुरा कल्पना गर्न सकिदैन। नेपाल विद्युत प्राधिकारण जस्ता सार्वजनिक निकायको पूर्वाधारलाई आपसी सम्झौता र समझदारी गरी आवश्यक भाडा वा शुल्क बुझाएर उपयोग गर्नुपर्ने बाध्यता निवेदकहरुलाई रहने नै देखिन्छ। यो नेपाल विद्युत प्राधिकरणको समेत संस्थागत हितमा रहेको छ। सोही अनुरुप निवेदकहरुले नेपाल विद्युत प्राधिकरणसंग सम्झौता गरी शर्त बन्देजको अधिनमा रही उक्त पूर्वाधारमा आफ्ना केवल तथा तारहरु विस्तार गरी सेवा सञ्चालन गरेको यथार्थता स्पष्ट नै छ। त्यसरी आपसी सहमतिमा सम्झौता गरी शर्तहरु तय गर्न निवेदक तथा विपक्षी निकायहरुसमेत स्वायत्त नै रहेको देखिन्छ। सम्झौताको कार्यान्वयनमा वा सम्झौता बमोजिमको दायित्व निर्वहनमा कुनै पक्ष उदासिन भए वा दायित्व पूरा नगरेमा वा अर्को पक्षलाई हानि नोक्सानी पुऱ्याएको अवस्थामा मर्का पर्ने पक्षले प्रचलित कानुन बमोजिमको कानुनी उपचारमा जान सक्ने कुरामा समेत कुनै दुविधा रहन सक्दैन।

१८. नेपाल दुरसंचार प्राधिकरणले आफ्नो लिखित जवाफमा दुरसंचार ऐन, २०५३ को दफा ४२ अनुसार प्राधिकरणबाट सेवा शुल्क स्वीकृत गराई मात्र पोल लगायतका पूर्वाधारको शुल्क असूल गर्न नेपाल विद्युत प्राधिकरणलाई मिति २०७८/४/२४ गतेको पत्र मार्फत जानकारी गराएको भनी उल्लेख गरेको देखिन्छ। विपक्षी सञ्चार तथा सुचना प्रविधि मन्त्रालयले लिखित जवाफमा रिट निवेदनमा उल्लिखित विषय सरोकारवाला निकाय नेपाल विद्युत प्राधिकरण र दुरसंचार प्राधिकरण एवं दुरसंचार सेवा प्रदायक बीचको आपसी समझदारीबाट नै समाधान हुनसक्ने विषय हो भनी उल्लेख गरेको पाइन्छ भने नेपाल विद्युत प्राधिकरणको भाडादर वृद्धि सम्बन्धमा यिनै रिट निवेदकले नै श्री सर्वोच्च अदालतमा रिट नं ०७८-WO-०३९९ को उत्प्रेषण परमादेश मुद्दा दायर भई विचाराधीन रहेको भन्ने रिट निवेदकहरुको निवेदन व्यहोरा, प्रत्यर्थीहरुको लिखित जवाफ तथा मिसिल संलग्न कागज

प्रमाणहरुबाट देखिन्छ। उक्त भाडादर वृद्धि सम्बन्धमा के कसो हुने भन्ने कुरा उक्त मुद्दाको अन्तिम किनारा लाग्दा टुङ्गो लाग्ने नै हुँदा सो सम्बन्धमा यहाँ थप विवेचना गरिरहन परेन।

१९. इन्टरनेट सेवा वितरण तथा विस्तार गर्ने इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले नेपाल विद्युत प्राधिकरणको संरचना प्रयोग गरेवापत आपसी सम्झौतामा तय भए बमोजिमको शुल्क बुझाउनु पर्ने कुरालाई अन्यथा भन्न मिल्दैन। आफूले निवेदकहरुबाट लिनु पर्ने बक्यौता शुल्क उठाउनको लागि विपक्षी नेपाल विद्युत प्राधिकरणले कानुन बमोजिमको प्रक्रिया समेत अवलम्बन गर्न सक्ने नै हुन्छ। त्यसरी सम्झौता बमोजिमको शुल्क उठाउने तथा सम्झौता नवीकरणको लागि निवेदकहरुलाई सार्वजनिक सुचना प्रकाशन गर्दा पोलमा रहेको केबुल तथा तार लगायतको पूर्वाधार नै हटाउने झिक्ने लगायतको शर्त राख्ने वा त्यस्तो गतिविधि सञ्चालन गरिएमा भने रिट निवेदकहरुलाई अपुरणीय हानि नोक्सानी हुने, श्री सर्वोच्च अदालतमा निवेदकहरुले दायर गरी विचाराधीन रिटको विषयवस्तु समेत कुनै न कुनै रुपमा प्रभावित हुने र विपक्षी नेपाल विद्युत प्राधिकरणको लागि समेत त्यस्तो कार्य संस्थागत हितमा नहुने अवस्था देखिन्छ। रिट निवेदकहरुले चुनौति दिएको मिति २०७९/०८/२८ को सार्वजनिक सूचना हेर्दा तोकिएको मिति २०७९ पुस ७ गते भित्र सम्झौता नगर्ने, सम्झौता नवीकरण नगर्ने र वाँकी वक्यौता भाडा रकम भुक्तानी नगर्ने सेवा प्रदायक संस्थाहरुको केवल अप्टिकल फाइवर हटाउने लगायत निजहरुलाई नेपाल विद्युत प्राधिकरणको प्रचलित विनियमानुसार कारवाही गरिने व्यहोरा जानकारी गराउदछौं भन्ने व्यहोरा रहेको देखियो। यसबाट विपक्षीले विभिन्न ठाउमा तार काट्ने, तार काट्न धम्कि दिने कार्य गरेको भनी रिट निवेदकहरुले आफ्नो केवल लगायतका पूर्वाधार हटाउने/झिक्ने प्रवल सम्भावना रहेको भनी गरेको आशंका तथ्यसम्मत रहेनछ भन्न मिल्ने देखिएन। नेपाल विद्युत प्राधिकारणले रिट निवेदकहरुलाई बृद्धि गरेको सेवा शुल्कका सम्बन्धमा श्री सर्वोच्च अदालतमा विचाराधीन मुद्दाबाट टुङ्गो लाग्ने नै हुँदा हाललाई इन्टरनेट जस्तो अत्यावश्यक सेवा सुचारु गर्न अपरीहार्य केवल/अप्टिकल फाइवर जस्ता पूर्वाधार नेपाल विद्युत प्राधिकरणबाट जारी भएको सूचनामा उल्लेख भए बमोजिम हटाउने वा झिक्ने कार्य नगरी यथास्थितिमा राख्नु भनी निषेधाज्ञाको आदेश जारी गर्नु वाच्छनीय देखिन आयो।

२०. अतः माथि विवेचित आधार, कारणसमेतबाट रिट निवेदकहरु र विपक्षी नेपाल विद्युत प्राधिकरण बीच नेपाल विद्युत प्राधिकरणको विद्युतीय संरचना प्रयोग गर्न तथा अप्टिकल फाइवर भाडामा लिने सम्बन्धमा विभिन्न मितिमा सम्झौता भएको देखिएको, यसै विषयमा भाडा दर वृद्धि सम्बन्धमा यिनै रिट निवेदक समेतले श्री सर्वोच्च अदालतमा ०७८-WO-०३९९ नम्बरको रिट निवेदन दायर गरी विचाराधीन रहेको अवस्था समेत देखिंदा उक्त रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०७९/०८/०६ र मिति २०७९/०८/२८ को सूचनामा उल्लेख भए बमोजिम सेवा प्रदायक संस्थाहरुको केवल/अप्टिकल फाइवर हटाउने कार्य नगर्नु

नगराउनु भनी मुलुकी देवानी संहिता, २०७४ को दफा २६(५) बमोजिम विपक्षी नेपाल विद्युत प्राधिकरणको नाममा निषेधाज्ञा जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम निवेदकको दावी बमोजिम निषेधाज्ञा जारी हुने ठहरेकोले यो फैसलामा चित्त नबुझेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५ बमोजिमको म्याद भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षी नेपाल विद्युत प्राधिकरणको नाममा पुनरावेदनको म्याद जारी गर्नू।

२. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू।

३. यो फैसला यस अदालतको विद्युतीय प्रणालीमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(रमेशराज पोखरेल)
न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्ने
इजलास अधिकृतःनिशा चौधरी
कम्प्यूटर अपरेटरःअनिल कुमार पन्त
इति सम्वत २०८० साल असोज १७ गते रोज ४ शुभम्.....।
प्रमाणीकरण मितिः अदालतको छाप